# Agricultural Development Bank Ltd.
# कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)

**मुख्य कार्यालय, जनशक्ति व्यवस्थापन विभाग**

**कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि**

**दरखास्त फाराम भर्ने सम्वन्धी सूचना**

**(सूचना प्रकाशन मिति २०७९/०३/२४)**

यस बैंकको **आ.व.२०७८/०७९** को वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत स्थायी कर्मचारी दरवन्दीका रिक्त रहेका तपसिलका पदनाम, स्तर, तह र सेवामा **कार्यक्षमताको मूल्याङ्कनद्वारा** पदपूर्ति गर्न लोक सेवा आयोगबाट मिति २०७९/०३/१९ मा सहमति प्राप्त भएकोले **२०७८ असार मसान्तसम्ममा कृषि विकास बैंक लि. कर्मचारी सेवा विनियमावली, २०६२ बमोजिम सम्भाव्य भएका** उम्मेदवारले बढुवा प्रक्रियामा सहभागी हुनका लागि रितपूर्वक दरखास्त पेश गर्न आव्हान गरिएको छ । **कार्यक्षमताको मूल्याङ्कनद्वारा** हुने बढुवा प्रक्रियामा सहभागी हुनका लागि २०७८ असार मसान्तसम्म सम्भाव्य भएका उम्मेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र परीक्षा दस्तुर वापत अधिकृतस्तरको लागि रु.१,०००।- (एक हजार रुपैयाँ) मात्र र सहायक स्तरको लागि रु.६००।- (छ सय रुपैयाँ) मात्र कृषि बिकास बैंक लि. वित्त तथा लेखा विभागको नाममा कर्पोरेट बैंकिङ्ग रामशाहपथमा रहेको खाता नं. ०१००२०११०१००००२० मा आवेदकको नाम, बहाल रहेको पद र कर्मचारी कोड नं. उल्लेख गरी रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखी आवेदन दिनु पर्नेछ । आवेदकले बैंकको Human Resource Management System (HRMS) मा उम्मेदवार कर्मचारी स्वयम्को User ID र Password प्रयोग गरी Recruitment मा रहेको File Promotion Form बाट Online System मार्फत दरखास्त पेश गर्नु पर्नेछ । दरखास्त फाराम भर्ने सम्वन्धमा कुनै द्विविधा भएमा बैंकको जनशक्ति व्यवस्थापन विभागमा सम्पर्क गर्न सकिने छ । तोकिएको अवधिभित्र आवेदन पेश नगरेका वा रितपूर्वक दरखास्त फाराम नभरेका सम्भावित उम्मेदवारहरु बढुवा प्रक्रियामा सहभागि हुन नपाउने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल**

| सि. नं. | विज्ञापन नम्वर | पदनाम | स्तर | तह | सेवा | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | २/२०७८-७९ | विभागीय प्रमुख | अधिकृतस्तर | १० (दश) | प्रशासन | ४ |
| २ | ३/२०७८-७९ | शाखा प्रमुख | अधिकृतस्तर | ८ (आठ) | प्रशासन | ३५ |
| ३ | ४/२०७८-७९ | शाखा प्रमुख | अधिकृतस्तर | ८ (आठ) | प्राविधिक | ६ |
| ४ | ५/२०७८-७९ | शाखा अधिकृत | अधिकृतस्तर | ६ (छ) | प्रशासन | २३ |
| ५ | ६/२०७८-७९ | ऋण/कर्जा/प्राविधिक अधिकृत | अधिकृतस्तर | ६(छ) | प्राविधिक | ३ |
| ६ | ७/२०७८-७९ | कार्यालय सहायक | सहायकस्तर | ५ (पाँच) | प्रशासन | २३ |
| | जम्मा: | | | | | ९४ |

सदस्य सचिव
पदपूर्ति समिति
कृषि विकास बैंक लि.